सरुमारानी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय, बडडाँडा, प्यूठान
५ नं. प्रदेश, नेपाल

पत्र संख्या :- प्र./२०७५/०७६
चलानी नं.:- ११२

मिति :- २०७५/५/१५

विषय :- निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री सबै वडा कार्यालय,
प्यूठान ।

श्री जिल्ला प्रशासन कार्यालय, प्यूठानको च.नं. ४५७ मिति २०७५/५/११ को पत्र र सो पत्रसाथ प्राप्त निर्णयको छायाँकपी यसैसाथ संलग्न छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई सो अनुसार कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

**बोधार्थ :-**

श्री सूचना तथा प्रविधि शाखा,
सरुमारानी गाउँपालिका, प्यूठान :- वेबसाइटमा राखिदिनु हुन ।

............................
हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
**प्यूठान**

फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२९९

पत्र संख्या:- ०७४/०७५

चलानी नं : ४५६

मिति : २०७५/०५/११

बिषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री नगरपालिका र गाँउपालिका
सबै ।
श्री जिल्ला प्रहरी कार्यालय,प्यूठान ।
श्री कोष तथा लेखा नियन्त्रण कार्यालय,प्यूठान ।
श्री घरेलु तथा साना उद्योग बिकास समिति मुख्य शाखा कार्यालय,प्यूठान ।
श्री जनस्वास्थ्य कार्यालय,प्यूठान ।
श्री उद्योग वाणिज्य संघ,प्यूठान ।

प्रस्तुत बिषयमा मिति २०७५-०५-१० गतेका दिन प्यूठान जिल्लाका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रे ज्यूको अध्यक्षतामा बसेको सर्वदलिय/ सर्वपक्षिय बैठकले गरेका निर्णयहरु र उक्त बैठकबाट स्वीकृत **प्यूठान जिल्लामा मदिरा बेचबिखन,ओसार-पसार र सेवनलाई ब्यबस्थित गर्ने आचारसंहिता,२०७५** यसै पत्रका साथ संलग्न राखि पठाईएको छ, उक्त बिषय लाई यथाहाशीघ्र कार्यान्वयनमा ल्याउनुहुन समेत अनुरोध गदर्छु ।

२०७५/५/११

**बद्रीनाथ गैह्रे**
**प्रमुख जिल्ला अधिकारी**

Scanned by CamScanner

बद्रीनाथ गैहे
प्रमुख जिल्ला अधिकारी

**निर्णयहरु**

१. प्रस्तावित "प्यूठान जिल्लामा मदिरा बेचबिखन, ओसार पसार र सेवनलाई ब्यवस्थित गर्ने आचारसंहिता २०७५" उपर बृहतरुपमा छलफल गरी आवश्यक परिमार्जनसहित स्वीकृत गरियो साथै उक्त आचारसंहितालाई जिल्लाभर कार्यान्वयनमा ल्याउन सबै स्थानीय तह, राजनीतिक दल, उद्योग व्यवसायी लगायत सबै सरोकारवालाहरुका तर्फबाट पूर्ण प्रतिवद्धता व्यक्त गरियो ।

२. उपरोक्त आचारसंहिता कार्यान्वयन गर्नुपूर्व सोका बारेमा सर्वसाधारण नागरिकलाई सुसूचित गर्न स्थानीय तह, प्रहरी कार्यालय तथा अन्य संघसंस्थाबाट मिडिया मार्फत सूचना प्रवाह गर्ने, कार्यालय तथा सार्वजनिक स्थल र पसलहरुमा सूचना टाँस गर्ने एवं स्थानीयस्तरमा अन्तरक्रिया आयोजना गर्ने निर्णय गरियो ।

३. गृह मन्त्रालयबाट जारी लागु औषध नियन्त्रण कार्ययोजना, २०७५ कार्यान्वयन गर्ने सन्दर्भमा जिल्ला तथा स्थानीयस्तरमा देहायका क्रियाकलापहरु सञ्चालन गर्ने निर्णय गरियो:

   क. लागू औषधसम्बन्धी सचेतना फैलाउन स्थानीय प्रहरी कार्यालयहरुले छलफल, अन्तरक्रिया गर्ने, चेतनामूलक भिडियो, सडक नाटक प्रदर्शन गर्ने,यसका लागि सम्बन्धित स्थानीय तहले आवश्यक सहयोग तथा समन्वय गर्ने ।

   ख. स्थानीयस्तरमा लागू औषध तथा मदिरा नियन्त्रण सहयोग समितिहरु गठन गर्ने ।

   ग. क्याम्पस तथा विद्यालयहरुमा चेतनामूलक कक्षाहरु सञ्चालन गर्ने।

   घ. जिल्लास्तरमा रेडीयो कार्यक्रम, अन्तरसम्वाद आदि सञ्चालन गर्ने यसका लागि नेपाल पत्रकार महासंघले आवश्यक समन्वय गर्ने ।

४. आउँदै गरेका चाडपर्वलाई समेत मध्यनजर गर्दै सम्बन्धित स्थानीय तहहरुको समन्वयमा बजार अनुगमन कार्यलाई तत्काल शुरु गरी यसलाई बर्षभरी नै नियमितता दिने र जिल्लाका सबै बजार क्षेत्र तथा सबै बस्तुगत क्षेत्रलाई समेट्ने निर्णय गरियो ।

५. स्थानीयस्तरसम्म उपभोक्तालाई उपभोक्ता हकहित सम्बन्धमा जागरुक बनाउन सम्बन्धित स्थानीय तहको अग्रसरतामा उपभोक्ता सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने तथा हरेक स्थानीय तहका वडास्तरमा उपभोक्ता हित संरक्षण सञ्चालहरु गठन गर्न उत्प्रेरित गर्ने निर्णय गरियो ।

६. सम्भावित विपद तथा आउँदै गरेका चाडपर्व एवं नागरिकका दैनिक जीवनयापन समेतलाई मध्यनजर गरी दैनिक उपभोग्यवस्तु, औषधी, पेट्रोलियम पदार्थ आदिको अभाव हुन नदिन सम्बन्धित निकाय तथा व्यवसायीहरुले आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

Scanned by CamScanner

बद्रीनाथ गैरे
प्रमुख जिल्ला अधिकारी

प्यूठान जिल्लामा मदिरा बेचबिखन, ओसार-पसार र सेवनलाई व्यवस्थित गर्ने आचारसंहिता, २०७५

स्वीकृत मितिः २०७५।०५।१० गते

**प्रस्तावना**

हाल यस जिल्लामा घटित अपराधिक घटनाको बिश्लेषण गर्दा अधिकांश अपराधिक घटनाहरु मदिरा सेवन गरी मदिराको नशाको उत्तेजना र आवेगको कारण पाईएको, मदिराकै कारणले समाजमा लैंगिक हिंसा, घरेलु हिंसा, बाल बिबाह, बहुबिबाह, आत्म हत्या, सार्वजनिक स्थलमा हो हल्ला लगाएतका सामाजिक बिकृतीहरु बढ्दै गएको र मदिरा निषेधित र ब्यबस्थित हुनु पर्छ भन्ने जन आकांक्षा समेतलाई मनन् गरी सर्बसाधारण जनताको सदाचार, जनस्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्दै जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गरी अपराधको न्यूनिकरण र शान्ती सुरक्षाको प्रभावकारी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले जिल्लास्थित सबै स्थानीय तह, जिल्लामा क्रियाशील राजनीतिक दल, उद्योग व्यवसायी तथा अन्य सरोकारवालाहरुको सहभागितामा यो आचारसंहिता बनाइएको छ ।

**खण्ड क : प्रारम्भिक**

१. **संक्षिप्त नाम, लक्ष्य र प्रारम्भ :-**

क) यस आचारसंहिताको नाम "प्यूठान जिल्लामा मदिरा बेचबिखन, ओसार पसार र सेवनलाई ब्यबस्थित गर्ने आचारसंहिता २०७५" रहेको छ ।

ख) यस आचारसंहिताको लक्ष्य प्यूठान जिल्ला भर खुल्ला तथा घरेलु मदिराको बन्देज (निषेध) र मदिरा उत्पादन, ओसारपसार, बेचबिखन र सेवनलाई नियन्त्रण र ब्यबस्थित गर्ने रहेको छ ।

ग) यस आचारसंहिता प्यूठान जिल्ला स्थित सबै स्थानीय तह, राजनैतिक दल, कार्यालय र संघसंस्था संगको समन्वयमा प्यूठान जिल्लाभर लागु हुने छ ।

घ) यो आचारसंहिता २०७५ भाद्र २० गते बाट प्रारम्भ हुने छ ।

२. **परिभाषा :-** बिषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा :-

क) "मदिरा" मदिरा ऐन २०३१ ले मदिरा भनि उल्लेख गरेको सबै प्रकारको मदिरालाई जनाउँछ ।

ख) "खुल्ला तथा घरेलु मदिरा" भन्नाले स्थानीय स्तरमा उपलब्ध भएका अन्न, फलफुल वा कुनै बस्तुलाई रासायनिक प्रक्रियाद्धारा कुहाई वा अन्य परम्परागत प्रविधीबाट तयार पारीएको, शिल नलागेको, राजश्वको स्टिकर नलागेको, खुल्ला रुपमा पाईने रक्सी, जाँड र छ्याङ भनि सम्झनु पर्छ ।

ग) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागी आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको पहिलो समिश्रण गर्ने वा मदिरा तयार गर्नको लागी अपनाईने सबै वा कुनै बिधी वा कार्य सम्झनु पर्छ ।

घ) "अनुमती पत्र" भन्नाले मदिरा ऐन २०३१ को दफा ६ (क) बमोजिम मदिरा उत्पादन, बिक्री बितरण निकासी वा पैठारी गर्न दिईएको अनुमती पत्र सम्झनु पर्छ ।

ङ) "सार्वजनिक स्थल" यस आचारसंहिता प्रयोजनका लागि देहायको स्थललाई सार्वजनिक स्थल मानिनेछः

१. सरकारी कार्यालय, सार्वजनिक संस्थानका कार्यालय, स्थानीय तहका कार्यालय
२. शिक्षण संस्था, पुस्तकालय, तालीमसम्बन्धी संस्था



बद्रीनाथ गैरे
जिल्ला अधिकारी

Scanned by CamScanner

बद्रीनाथ गैह्रे
प्रमुख जिल्ला अधिकारी

३. अस्पताल तथा स्वास्थ्यसम्बन्धी संस्था,
४. धर्मशाला तथा धार्मिक स्थल,
५. चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,
६. बालकल्याण गृह, वृद्धाश्रम, अनाथालय तथाक्लब
७. छात्र वाछात्रावास तथा अतिथी गृह,
८. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको स्वामित्व रहेका अन्य संस्थाहरु

## खण्ड ख:नियन्त्रण र नियमन

३. मदिराको उत्पादन, बिक्रि बितरणमा नियन्त्रण :-

क) कुनै ब्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको उत्पादन वा बिक्रि वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेन्ट वा पसल थाप्न

ख) पाउनेछैन ।

ग) कुनै ब्यक्तिले नेपाल सरकारले तोकेको मापदण्ड, कानून र यस आचारसंहिता बमोजिम मात्र मदिराको उत्पादन, ओसार पसार र बिक्रि बितरण र सेवन गर्न पाईनेछ ।

४.मदिरा उत्पादन, ओसारपसार तथा बिक्रि बितरण र सेवनमा बन्देज :-

क) आफ्नो कुल धर्म र परम्परा, पूजा अर्चना र कोसेलीको प्रयोजन बाहेक अन्य प्रयोजनको लागी खुल्ला तथा घरेलु मदिराको उत्पादन, ओसारपसार तथा बिक्री बितरण र सेवन गर्न पाइनेछैन ।

ख) अठार बर्ष उमेर पुरा नगरेको व्यक्ति, गर्भवति तथा सुत्केरी महिलालाई मदिरा बिक्री बितरण गर्न पाईने छैन ।

ग) अठार बर्ष उमेर पुरा नगरेको व्यक्तिले मदिराको बिक्री बितरण गर्नपाईने छैन ।

घ) कुनै प्रकारको मदिरा ओसार पसार गर्दा र बिक्री बितरण गर्दा बालबालिकाले नदेख्ने गरी प्याकिङ गरी ओसारपोसार र बिक्रीबितरण गर्नु पर्नेछ ।

ङ) अनुमतिपत्र प्राप्त थोक बिक्रेताले बिहान १० बजेदेखि राति ८ बजेसम्म मात्र बिक्रिवितरण गर्नुपर्नेछ भने खुद्रा बिक्रेताले साँझ ५:३० बजेदेखि ८:३० बजेसम्म मात्र बिक्रिवितरण गर्नुपर्नेछ ।मदिरा विक्रिवितरणको समय आवश्यकतानुसार पुनरावलोकन गर्दै लगिनेछ ।

च) मदिरा बिक्रि अनुमतिपत्र सबैले देख्ने गरी राख्नुपर्नेछ ।

छ) सार्वजनिक स्थलको २०० मिटर आसपास कुनै पनि प्रकारको मदिरा बिंक्री बितरण र सेवन गर्न पाईने छैन ।

ज) मदिरा सेवन गरी सरकारी कार्यालय, सार्वजनिक संस्था तथा सार्वजनिक सभा, समारोह, बैठकहरूमा प्रवेश गर्न पाईने छैन ।

झ) मदिरा सेवन गरी कुनै प्रकारको सवारी साधन चलाउन पाइनेछैन ।

ञ) मदिरा सेवन गरी सार्बजनिक यातायातमा यात्रा गर्न पाईने छैन ।

ट) कम गुणस्तरको मदिरा बिक्रिवितरण र सेवनलाई निरूत्साहित गरिनेछ ।



बद्रीनाथ गैह्रे
प्रमुख जिल्ला अधिकारी

Scanned by CamScanner

बद्रीनाथ भैंई
प्रमुख जिल्ला अधिकारी

खण्ड ग. दण्ड सजाय

५. दण्ड, सजाय र जरिवाना :-

क) यस आचारसंहिता बिपरित मदिरा सेवन गरी हिंडडुल गर्ने, यात्रा गर्ने, सभा बैठकमा भाग लिने, सरकारी कार्यालयमा प्रवेश गर्ने व्यक्तिलाई रु.१००० जरिवाना गरिनेछ ।

ख) यस आचारसंहिता बिपरित खुल्ला तथा घरेलु मदिरा उत्पादन गरेको खण्डमा उत्पादित मदिरा नष्ट गरी उत्पादनमा प्रयोग गरीने भाँडाकुडाहरु जफत गरी रु.१००० जरिवाना गरिनेछ ।

ग) यस आचारसंहिता बिपरित अबैधानिक तवरले मदिरा ओसारपसार तथा बिक्रीबितरण गरेको पाईएकोमा ओसारपसार तथा बिक्रिबितरण गरेको मदिरा जफत गरी रु.१००० जरिवाना गरिनेछ ।

घ) सार्वजनिक स्थल र सार्वजनिक रुपमा कुनै पनि प्रकारको मदिरा बेचबिखन र सेवन गरेमा बेचबिखनको लागी मदिरा ऐन,२०३१ बमोजिम थप दण्ड जरिवाना गरिनेछ ।

ङ) यस आचारसंहिताको दफा ४ बिपरितका अन्य कसूर गरेमा रु.१००० जरिवाना गरिनेछ ।

च) यस आचारसंहिता बिपरित कामकार्य भई जरिवाना बापतको रकम सम्बन्धित स्थानीय तहको कोषमा जम्मा गरिनेछ । सो को लागंत जिल्ला प्रहरी कार्यालयले राखनेछ ।

छ) मदिरा नियन्त्रण सम्बन्धी अन्य कुराहरु मदिरा ऐन, २०३१ तथा मदिरा नियमहरु, २०३३ बमोजिम हुनेछ ।

ज) यस आचारसंहिता बिपरितको क्रियाकलाप भए गरेको देखे सुनेमा जो सुकैले जिल्ला प्रसासन कार्यालय, प्रहरी कार्यालयहरु र स्थानीय तहमा जानकारी दिन सक्नेछ, त्यस्तो जानकारी वा सूचनाको श्रोतको गोप्य राखी आचारसंहिता उल्लंघन गर्ने व्यक्तिलाई आवश्यक परेमा प्रहरीको सहयोग लिई आचारसंहिता बमोजिम दण्ड जरिवाना गरिनेछ ।

खण्ड घ:नियन्त्रण तथा अनुगमनसम्बन्धी संस्थागत संयन्त्र

६. वडास्तरीय मदिरा नियन्त्रण समिति

क) स्थानीयस्तरमामदिरा नियन्त्रणका लागि हरेक स्थानीय तहले सम्वन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरी चौकी, उद्योग व्यवसायी, उपभोक्तातथा नागरिक समाजको प्रतिनिधित्व हुने गरी स्थानीय मदिरा नियन्त्रण समिति गठन गर्नुपर्नेछ ।

ख) उपरोक्त बमोजिमको समितिलेघरेलु मदिरा नियन्त्रण, अन्य मदिरा नियमन तथा यस आचारसंहितामा उल्लेखित व्यवस्थाको कार्यान्वियन गरी नियमित रुपमा स्थानीय समन्वय तथा अनुगमन समितिमा प्रतिवेदन दिनुपर्नेछ ।

७.स्थानीय समन्वय तथा अनुगमन समिति

क) यस आचारसंहिताको कार्यान्वयनका लागि समन्वय,सहजीकरण तथा अनुगमन गर्न हरेक स्थानीयतहमास्थानीय तहका प्रमुखको संयोजकत्वमा स्थानीय प्रहरी चौकी, उद्योग व्यवसायी, उपभोक्ता, राजनीतिक दलतथा नागरिक समाजको प्रतिनिधित्व हुने गरी स्थानीय समन्वय तथा अनुगमन समिति गठन गर्नुपर्नेछ ।

ख) उपरोक्त बमोजिमको स्थानीय समन्वय तथा अनुगमन समितिलेघरेलु मदिरा नियन्त्रण, अन्य मदिरा नियमन तथा यस आचारसंहितामा उल्लेखित व्यवस्थालाई कार्यान्वयनमा ल्याउन आवश्यक सहजीकरण गरी कार्यान्वयन अवस्थाका सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नेछ ।



बद्रीनाथ भैंई
प्रमुख जिल्ला अधिकारी

Scanned by CamScanner

बद्रीनाथ गैह्रे
प्रमुख जिल्ला अधिकारी

८.जिल्लास्तरीय समन्वय तथा अनुगमन समिति

क) यस आचारसंहिताको कार्यान्वयनका लागि जिल्लास्तरमा समन्वय,सहजीकरण तथा अनुगमन गर्न देहायबमोजिमको जिल्लास्तरीय समन्वय तथा अनुगमन समिति रहनेछ

| | | |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | -संयोजक |
| २. | जिल्लास्थित सबै स्थानीय तहका प्रमुखहरु | -सदस्य |
| ३. | कार्यालय प्रमुख, जिल्ला प्रहरी कार्यालय | -सदस्य |
| ४. | जिल्ला समन्वय अधिकारी | -सदस्य |
| ५. | कार्यालय प्रमुख, घरेलु तथा साना उद्योग बिकास समिति | -सदस्य |
| ६. | कार्यालय प्रमुख, कोष तथा लेखा नियन्त्रण कार्यालय | -सदस्य |
| ७. | जिल्लामा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरु | -सदस्य |
| ८. | प्रतिनिधि, उद्योग वाणिज्य संघ(मदिरा व्यवसायी संघ) | -सदस्य |
| ९. | अध्यक्ष, उपभोक्ता संरक्षण मञ्च | -सदस्य |
| १०. | अध्यक्ष, नेपाल पत्रकार महासंघ | -सदस्य |
| ११. | अध्यक्ष,गैसस महासंघ | -सदस्य |
| १२. | प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत कर्मचारी | -सदस्य सचिव |

ख) उपरोक्त बमोजिमको जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

ग) यस समितिले घरेलु मदिरा नियन्त्रण, अन्य मदिरा नियमन तथा यस आचारसंहितामा उल्लेखित व्यवस्थालाई जिल्लास्तरमा कार्यान्वयनमा ल्याउन स्थानीय समन्वय तथा अनुगमन समितिसँग नियमित समन्वय गरी कार्यान्वयनलाई सहजीकरण गर्ने तथा कार्यान्वयनका सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नेछ ।

घ) यस आचारसंहिता कार्यान्वयनका सन्दर्भमा केही बाधा अवरोध उत्पन्न भएमा यस समितिले बाधा अड्काउ फुकाउनेछ ।

## खण्ड ङ:विविध

### ९. सुसूचित गर्नुपर्ने :-

यो आचारसंहिता लागु हुनुपूर्व आम जनसाधारणलाई आचारसंहिता बारे सुसुचित बनाई प्रभावकारी रुपमा आचारसंहिताको पालना गराउनको लागी स्थानीय तहहरु र अन्य कार्यालय तथा संघसंस्थाले मिडिया मार्फत सूचनाहरु जारी गर्ने, सूचना प्रकाशित/टाँस गर्ने तथा स्थानीय स्तरमा छलफल अन्तरक्रिया समेत गर्नुपर्नेछ ।

### ९. ऐन,नियम बमोजिम हुने :-

क) यस आचारसंहितामा उल्लेख नभएका विषयहरु मदिरा ऐन, २०३१, मदिरा नियमहरु, २०३३ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

ख) यस आचारसंहितामा उल्लेखित कुनै व्यवस्थाहरु प्रचलित ऐन तथा नियमावलीसँग बाझिएको खण्डमा बाझिएको हदसम्म सोही ऐन वा नियमावलीमा व्यवस्था भएबमोजिम हुनेछ ।



बद्रीनाथ गैह्रे
प्रमुख जिल्ला अधिकारी

Scanned by CamScanner